GLOBAL COLLEGE OF MANAGEMENT

प्रथम त्रैमासिक परीक्षा-२०७२

कक्षा : ११ | विषय : अनिवार्य नेपाली | पूर्णाङ्क : १००

समय : ३ :०० घन्टा | उत्तीर्णाङ्क : ४०

समूह : क

१. तलका वर्णको उच्चारण स्थान र प्रयत्न चिनाउनु होस् : ५

ङ, छ, ध, व, ह ।

२. तल दिइएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनु होस् : ५

चोर, विचारणीय, औपचारिक, विशेषण, क्षमा ।

३. शुद्ध गरी पुनर्लेखन गर्नु होस् : ५

म के जवाफ दिऊ म गरीब र गौरि धनि किन ? औ मैले गौरि सँग खेल्न किन हुन्न यो मेरो सोच्ने विसय नै थियन ।

४. तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नु होस् : ५

"कुन्नि के हो, घोडा रे ! अस्ति मधुकरको मुरली भनेर तमास गऱ्यो र एउटा बनाउन लाएर दिएँ । दुई दिन बजायो र कता फ्याँक्यो । अब आजदेखि घोडा....."

५. तलको अनुच्छेदबाट चार ओटा तत्सम र चार ओटा आगन्तुक शब्द खोजी लेख्नु होस् :४

मान्छे सज्जन बन्न उसभित्र ज्ञान, विवेक र सहनशीलता चाहिन्छ । किम, पाउडर दल्दैमा र झकिझकाउ लुगा लगाउँदैमा सभ्य भइँदैन । महँगो मोबाइल बोकेर चौबिसै घन्टा इन्टरनेटमा झुन्डिँदैमा र ल्यापटपमा रमाउँदैमा आधुनिक भइँदैन । सारा संसारको ज्ञानराशि आफूभित्र हुल्न सक्नु पर्छ ।

६. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : ३×२= ६

(क) तल दिएका उपसर्ग र प्रत्यय प्रयोग गरी एक एक ओटा शब्द निर्माण गर्नु होस् :

उपसर्ग - अन, वि, परि

प्रत्यय - अन्त, इलो, य

(ख) तल दिएको अनुच्छेदबाट तिन ओटा उपसर्ग व्युत्पन्न शब्द र तिन ओटा प्रत्यय व्युपन्न शब्द छानी निर्माण प्रक्रिया समेत देखाउनु होस् :

नेपाली जनताहरू कहिले सम्पन्न बन्लान ! प्रतीक्षाको घडी सकिन लागि सक्यो । वीरतापूर्ण इतिहासले हामीलाई गिज्याइ सक्यो । विदेशी संस्कृतिले हामीलाई खाइ सक्यो । देशमा दरिद्रता र भ्रष्टाचार बाहेक अरू केही प्रगति हुन सकेन ।

(ग) तल दिएको अनुच्छेदबाट तिन ओटा समस्त शब्द र तिन ओटा द्वित्व शब्द टिपी समासको विग्रह र द्वित्व शब्दबाट दोहरिएको अंश समेत लेख्नु होस् :

मिहिनेती बाबुआमा आफ्नो सन्तानलाई पनि मिहिनेती नै बनाउन चाहन्छन् । छोराछोरी देशविदेश जाऊन् तर फर्किएर यही रोगग्रस्त देशलाई मलमपट्टी गरून भन्ने उनीहरुको चाहना हुन्छ । सधैं झैझगडा भइरहने यो देशमा सबैले आ-आफ्ना सन्तानको आनिबानी सुधारेर हरेक समस्या माडमुड पार्न सक्ने बनाउन सक्नु पर्छ ।

७. तलको अनुच्छेदका वाक्यहरूलाई आवश्यक सुधार सहित एक वचनमा परिवर्तन गर्नु होस् : ५

साना भाइहरू विदेश गए । उनीहरू त्यहाँ पाँच वर्ष पढ्ने छन् । त्यसपछि उनीहरू काठमाडौँ फर्कने छन् । उनीहका साथीहरूले स्वागत गर्ने छन् । उनीहरू दङ्ग पर्ने छन् र फेरि विदेश जाने छैनन् ।

८. तलको अनुच्छेदका वाक्यहरुलाई आवश्यक सुधार सहित अज्ञात भूतकालमा परिवर्तन गर्नु होस् : ५

प्रकाश राजनीति गर्छ । ऊ देश र जनताका लागि काम गर्ने अठोट गर्छ । ऊ चाँडै नै जनताको मन जित्न सफल हुन्छ । ऊ चुनाव पनि जित्छ । नभन्दै उसले देशका लागि काम गर्ने सुनौलो अवसर पनि पाउँछ ।

९. तल दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर लेख्नु होस् : १०

पानीमा फोहोर कसिङ्गर मिसियो भने प्रदूषित हुन्छ र हाम्रा लागि उपभोग गर्न उपयुक्त हुँदैन । पानी प्रदुषित हुनुमा धेरै कारणहरू हुन सक्छन् । हुन त सबभन्दा शुद्ध पानी वर्षाको मान्न सकिन्छ । जुन बेला बादल चिसिएर पानी बन्छ, त्यस बेला पानी शुद्ध हुन्छ , तर जब पानी आकाशबाट खस्न थाल्छ, तब हावामा रहेका धुलोका कणहरू र ग्याँसहरूसँग सम्पर्कमा आएर पानी दुषित हुन थाल्छ । खास गरेर उद्योगहरूबाट धुवाँ धेरै फालिने ठाउँमा पानी धुवाँका कणहरूसँग मिसिएर तेजाब बन्छ र अम्लीय वर्षा हुन्छ । अम्लीय वर्षाको पानी निर्मल देखिन्छ तर यसमा माछा लगायत अन्य जीवहरू भने बाँच्न सक्दैनन् ।

अव्यवस्थित ढङ्गले ढल फाल्नाले पनि पानी प्रदूषित हुन्छ भन्ने कुराको उदाहरणका रूपमा काठमाडौँ वरपर बग्ने टुकुचा, विष्णुमती र बागमती जस्ता खोलाहरूमा बगेको पानीमा नै देख्न सकिन्छ । ढल निकासले गर्दा प्रदूषित भएको पानीमा रोगका कीटाणुहरु व्यापक रूपमा फस्टाउने गर्दछन् । साथै, त्यस्तो पानीमा झारहरू उम्रिए पनि पानीमा रहने माछा र अन्य जीवहरु नष्ट हुन्छन् । खेतबारीबाट बग्ने रासायनिक मल, कल कारखानाबाट बग्ने रासायनिक झोल एवम् सडक र बस बिसौनीहरूबाट बग्ने रासायनिक पदार्थहरू मिसिएको भलले पनि पानी प्रदूषित हुन्छ । रासायनिक पदार्थहरू मिसिएको पानि स्वास्थ्यका लागि हानिकारक हुन्छ । कल कारखानाबाट रासायनिक झोलहरू उपचार गरेर फाल्नु पर्दा खर्च लाग्न सक्छ । तर, त्यस्ता झोलहरूका कारणले पानी दूषित हुँदा त्यसबाट हुने सङ्कट आखिरमा मानिस आफैले भोग्नु पर्ने हुन्छ ।

कतिपय मिलहरूमा यन्त्रहरूलाई चिसो पार्न पानीको प्रयोग गरिन्छ । त्यसबाट निकासमा पठाइने पानी बाहिरको प्राकृतिक स्रोतबाट आएको पानीभन्दा अलि तातो हुन्छ । त्यसैले सामान्य तातो पानी खान र त्यस्तो पानीमा बस्न नसक्ने जीवाणु एवम् माछाहरू मर्न सक्छन् । पानीसँग सम्बन्धित अरू पनि समस्याहरू हुन सक्छन् । तीमध्ये खाने पानीको अभाव एउटा हो । पानीको परिमाण कम हुनु, भएको पानी दूषित हुनु र खेर जानु वास्तवमा समस्या नै हुन्न ।

त्यसै गरी अर्को समस्या हो, बाढी । नदीमा पानीको बहाव धेरै हुन गई वरपरको घरखेतसम्म पानी पानी बग्न सक्छ । यसको खास कारण हो - वर्षाको पानी जमिनभित्र रसाएर जानुभन्दा भलको रूपमा बग्नु । त्यसो हुनुको कारण जमिनमा हरियाली कम भई माटो सुक्खा र कडा हुनु हो ।

प्रश्नहरू :

क) अम्लीय वर्षा कसरी हुन्छ ?

ख) कल कारखानाबाट बग्ने रासायनिक पदार्थ मिसिएको झोलले कसरी मानिस सङ्कटमा पर्छन् ?

ग) जमीन सुक्खा हुनुको कारण के हो ?

घ) पानीसँग सम्बन्धित समस्याको समाधान कसरी गर्न सकिन्छ ?

(ङ) 'अम्लीय' र 'कीटाणु' शब्दको अर्थ लेख्नु होस् ।

१०. तलको अनुच्छेद पढी मुख्य मुख्य पाँच ओटा बुँदा टिपोट गर्नु होस् : ५

एक दिन कान्छा राजकुमार सिकार खेल्दै जाँदा जङ्गलमा एउटा सेतो मृगलाई पछ्याउँदै निकै टाढा पुगे । उनी अचानक राक्षसहरू बस्ने गरेको ओडारमा पुगे । त्यस ओडारमा सात जना राक्षसनीहरू बसोवास गर्थे । ती सात राक्षसनीहरूमध्ये कान्छी चाहिँ श्राप पाएर केही समयका निम्ति स्वर्गबाट पृथ्वीमा आएकी मालती नामकी अप्सरा थिइन् । उनीसित राजकुमार मधुकरको प्रेम भयो । राक्षसनीहरूले सेतो मृगका माध्यमबाट सिकारीहरूलाई झुक्याई त्यस ओडारमा ल्याउने र एक महिना पुगेपछि खाने गरेको कुरा मालतीबाट मधुकरले थाहा पाए । अब यस्तो अप्ठ्यारो अवस्थाबाट फुत्कने उपाय मधुकर र मालती दुबैले खोज्न थाले । सय मन फलामको चिउरा खाएर, सय मन दुध पिएर, तलाउको बिचमा रहेको फटिकको खम्बा एकैपटकमा तोडेर त्यहाँबाट निस्केको वायुपङ्खी घोडामा चढेर त्यो क्षेत्र पार गर्न सके राक्षसको राज्यबाट मुक्त हुने उपाय पत्ता लाग्यो । यसै अनुसार प्राप्त भएको वायुपङ्खी घोडामा मालतीलाई चढाएर मधुकरले समुद्रको आधाआधीसम्म मात्र के पुऱ्याएका थिए, ठिक त्यही बेला राक्षसनीहरू आफ्नो मायावी शक्तिको प्रयोग गरेर उड्दै आई वायुपङ्खी घोडाको पुच्छरमा झुन्डिए । राजकुमार मधुकरले आफ्नो सुदर्शन चक्रद्वारा घोडाको पुच्छर काटी छ जना राक्षसनीहरूलाई समुद्रमा खसालिदिए ।

११. प्रश्न नं.१० मा दिइएको अनुच्छेदलाई एक तृतीयांशमा संक्षेपीकरण गर्नु होस् : ५

१२. 'राष्ट्रिय एकता आजको आवश्यकता' शीर्षकमा १५० शब्दसम्मको अनुच्छेद तयार पार्नु होस् : ५

१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा २५० शब्दमा सम्मको निबन्ध लेख्नु होस् : १०

(क) मेरो भविष्यको योजना

(ख) नेपालका प्राकृतिक सम्पदाहरु

(ग) नेपालको वर्तमान अवस्था

१४. तल दिइएको 'नालापानीमा' सङ्गीत नाटकको अंश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् : ५×२=१०

छोरा, नरो, अझ धैर्य गर, अरूलाई काँतर स्वर नसुना,
जन्मभूमिको लाज बचा, जातिलाई छिः नभना !
मर्नै पर्छ एक दिन निश्चय दुई दिनकै हो देह भने
त्यसको ममता छोडि दे अमर यशले देश बना !
दुखलाई नमान् , अपमान गरी आँसुलाई फिर्ता गरि दे,
तेरो सहनशीलता देखी बल अझ बढ्ला भाइमा लाख गुना !
मेरो काखमा जति जति तैँले तपतप रगत चुहाइस् यो,
उति उति मातृऋण तिरेँ भनी पुत्र बरु सन्तोष मना !

प्रश्नहरू:

क) 'नालापानीमा' नाटकमा धरतीले नेपाली वीरहरूलाई के कस्तो आह्वान गरेको छ ?

ख) माथिको नाट्यांशका आधारमा 'नालापानीमा' नाटकमा अभिव्यक्त देशभक्तिको वर्णन गर्नु होस् ।

१५. तल दिइएका मध्ये कुनै दुई प्रश्नको उत्तर दिनु होस् : ५×२=१०

अ) दिइएको कवितांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनु होस् :

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौँला संसार सन्झ्यालै नरहे
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे ।

प्रश्नहरू:

क) तराईलाई 'सुनको टुक्रा' भन्नुको तात्पर्य के हो ?

ख) 'धर्तीका छोरा' भनेर कसलाई भनिएको हो ?

ग) 'माटो' र 'पानी' पहिलो धन कसरी हुन सक्छ ?

घ) 'ए कहाँबाट हेरौँला संसार सन्झ्यालै नरहे' भन्नुको आशय के हो ?

ङ) नेपाल नरहे नेपाली किन रहँदैनौँ ?

आ) दिइएको कथांश पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनु होस् :

म बिस्तारै सडकको ठुलो ढोकाबाट निस्कें अनि भरिएका आँखाले ढोकाको डन्डीबाट भित्र हेरें, गौरी मतिर हेरिरहेकी थिई- "तिमी हाम्री दिदीआमाको घर नआऊ है, शङ्कर ! त्यो त बोक्सी बुढी ।" गौरी हात हल्लाई हल्लाई भन्दै थिई । दिदीआमा र गौरीका बुबा माथि बरन्डामा उभिरहेका थिए । "हेर मलाई गाली गरेकी ? यो मोरो माग्ने छिमेकमा छोरी भाँड्न आँट्यौ तिमीले । छोटाको हावा लागेपछि बडाको स्वभाव कताबाट होस् ? यो छोटाहरूको टोल नछोडेसम्म यिनले छोड्ने होइनन् । " दिदीआमा बुबासँग भन्दै थिई ।

प्रश्नहरू :

क) गौरीले शङ्करलाई किन 'दिदीआमाको घर नआऊ' भनेकी हो ?

ख) गौरीले आफ्नी फुपूदिदीलाई 'बोक्सी बुढी' भन्नु उपयुक्त हो त ?

ग) "छोटाको हावा लागेपछि बडाको स्वभाव कताबाट होस् ?" भन्नुको तात्पर्य के हो ?

घ) यस अनुच्छेदमा छिमेकीहरूबिच कस्तो विषमता रहेको देखाइएको छ ?

ङ) गौरी र शङ्करका बिच कस्तो सम्बन्ध देखा पर्छ ?#

इ) दिइएको निबन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनु होस् :

विद्याको सर्टिफिकेट कोठाको बासकमा हुन्छ । भलादमीको प्रमाण पत्र सधैँ उसका शरीर उपर विज्ञापन जाहेरी गर्दछ । पोसाक मात्र पहिला पास हो । त्यसमा पनि रेसमी रुमालको फुलदार फर्काइ र टोपीको कर्काइले पहिलो श्रेणीमा उत्तीर्ण भएको जनाउँछ । कपालको छाँट र जुँगाको कटाइले दोस्रो परीक्षाको परिचय दिन्छ । फेरि आँखीभौँको मसिनो डोराले, ओठ र गालाको फिक्का हलुका लालीको सुस्त चढाइले उत्तम श्रेणी जनाउँछ । सबको शिखर, एउटा सौन्दर्य वर्धक कोठी र अत्तरको हरहराउँदो खुसबुले सडकमा हिँड्नेहरूको नाक र नजरमा आक्रमण गरेको हुनु पर्दछ । यसमा पनि विशिष्टता हिँडाइको कला, लच्काइ, हाउभाउ, हास्य र बोलीमा निर्भर रहन्छ ।

प्रश्नहरू:

क) 'विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ' भन्नुको तात्पर्य के हो ?

ख) उपर्युक्त निबन्धांशमा कस्तो प्रकारको भलादमीलाई चिनाइएको छ ?

ग) निबन्धकारले कसलाई उत्तम श्रेणीको भलादमी मानेका छन् ?

घ) भलादमीको विशिष्टता के कुराबाट थाहा पाइन्छ ?

ङ) यस निबन्धांशको मूल आशय के हो ?

१६. नारीपुरुष मित्रताका फाइदाहरू के के हुन सक्छन् ? आफ्नो प्रतिक्रिया लेख्नुहोस् : ५

समाप्त

GLOBAL COLLEGE OF MANAGEMENT

प्रथम त्रैमासिक परीक्षा-२०७२

कक्षा : ११ | विषय: अनिवार्य नेपाली | पूर्णाङ्क : १००

समय : ३ :०० घन्टा | उत्तीर्णाङ्क : ४०

समूह : ख

१. तलका वर्णको घोषत्व र प्राणत्व चिनाउनु होस् : ५

ग, च, झ, य, स

२. तल दिइएका शब्दको अक्षर संरचना र अक्षर सङ्ख्या देखाउनु होस् : ५

हात, महाकाव्यकार, लोग्नेस्वास्नी, छिमेकी, संज्ञा ।

३. शुद्ध गरी पुनर्लेखन गर्नु होस् : ५

म ल्याई हाल्छु नी मेरा बाबा सँग धेरै पैषा छ । तिम्रो बाबा पो गरीब छ त म मेरो बाबालाइ धोडा किन्न लाउछु अनी भै गो नी ।

४. तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको शब्दवर्ग पहिचान गरी लेख्नु होस् : ५

आखिर त्यो लामो पर्खाइपछिको पनि एक दिन अन्त भयो । सूर्यले बिहान ल्याउनुभन्दा अगाडि गएर मैले आमालाई झिँझोलेँ - " आमा ! आज पर्सि होइन ? हामी गौरीकहाँ जाने है आमा ? ..... है ? "

५. तलको अनुच्छेदबाट चार ओटा तत्सम र चार ओटा आगन्तुक शब्द खोजी लेख्नु होस् : ४

अहिले इन्जिनियरिङ्ग तथा कम्प्युटर प्रविधि, व्यवस्थापन र मेडिकल विषयहरूको उच्च अध्ययनका निम्ति युरोप र अमेरिका जाने लहर नै चलेको छ । पढ्न गएका विद्यार्थी यता नफर्कने क्रम बढ्दो छ । यो त हाम्रो देशका लागि बहुत समस्याको कुरा हो ।

६. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : ३×२= ६

(क) तल दिएका उपसर्ग र प्रत्यय प्रयोग गरी एक एक ओटा शब्द निर्माण गर्नु होस् :

उपसर्ग - निर् , अ, अधि

प्रत्यय - अक्कड, आलु, क

(ख) तल दिएको अनुच्छेदबाट तिन ओटा उपसर्ग व्युत्पन्न शब्द र तिन ओटा प्रत्यय व्युपन्न शब्द छानी निर्माण प्रक्रिया समेत उल्लेख गर्नु होस् :

साहसिक काम गर्ने मान्छे नै साहसी मान्छे हो । यस्तो मान्छे मानवीय काममा प्रतिबद्ध हुन्छ । ऊ बलवान् शत्रुसँग पनि प्रतिवाद गर्न सक्छ । सुकार्य गरेर गरिमामय छवि निर्माण गर्न चाहने पराक्रमीको पौरख नै सम्पति हो । यसलाई सुरक्षित राख्नु उसको धर्म र कर्म हो ।

(ग) तल दिएको अनुच्छेदबाट तिन ओटा समस्त शब्द र तिन ओटा द्वित्व शब्द छानी समासको विग्रह र द्वित्व शब्दबाट दोहरिएको अंश समेत लेख्नु होस् :

देशहितका काममा लागेका पीताम्बर र रामहरिले आआफ्नो कर्तव्य पुरा गदै देशविदेश जहाँ भए पनि एक अर्कामा सरसहयोग र सुखदुखमा साथ दिने गरेका छन् । उनीहरूले गरेको कामका बारेमा छरछिमेकका घरघरमा मुक्त कण्ठले प्रशंसा हुने गरेको छ ।

७. तलको अनुच्छेदका वाक्यहरूलाई आवश्यक सुधार सहित प्रथम पुरुषमा परिवर्तन गर्नु होस् ५

ऊ नेपाली हो । ऊ सगरमाथा पुगेको छैन । ऊ कहिले त्यहाँ पुगूँ भन्ने विचारमा छ । उसले अहिलेसम्म त्यहाँ जाने अवसर पाएको छैन । ऊ सगरमाथामा पुगेर गौरवान्वित हुने छ ।

८. तल दिइएको अनुच्छेदका वाक्यहरूलाई आवश्यक सुधार सहित अभ्यस्त भूकालमा परिवर्तन गर्नु होस् : ५

तिमी उत्तर मिलाउँछौ । म पनि राम्रै लेख्छु । ऊ चाहिँ के गर्छ ? बहिनी त पढि रहन्छिन् । तँ पनि राम्ररी पढ् है !

९. तल दिइएको पाठ पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर लेख्नु होस् : १०

नेपालको भूधरातल तराई, पहाड र हिमालको विविधताले बनेको छ । तराईको भूभाग समतल छ र यो क्रमशः उत्तरतर्फ पहाड हुँदै उच्च हिमालसम्म पुग्दछ । तराईको समतल भूक्षेत्रको उचाइ समुद्रदेखि ६० मि. छ भने उत्तरको सगरमाथा हिमालसम्म पुग्दा यसको धरातलको उचाइ ८,८४८ मि. सम्म पुग्दछ । सगरमाथा हिमालको यो उचाइलाई संसारको सबैभन्दा अग्लो उचाइ भएको क्षेत्र मानिन्छ । तराईदेखि हिमालसम्मको भूविविधता आजभन्दा १२ करोड वर्ष अगाडि भौगर्भिक उथलपुथल हुँदा सिर्जना भएको हो । उत्तरतर्फको युरेसियन प्लेट र दक्षिणमा रहेको भारतीय उपमहाद्वीपको प्लेट एक आपसमा ठक्कर खाँदा हिमाल बन्न गएको कुरा भूगर्भविद्हरू बताउँछन् । यिनै भूधरातलीय विविधतामा नेपालको जलवायु विविधता, जैविक विविधता, सांस्कृतिक विविधता एवम् ताल तथा सिमसारको विविधताको संरचना भइ आएको छ । नेपालका विभिन्न भूभागमा विद्यमान तालतलैया, दह, कुण्ड, पोखरी एवम् सिमसार हाम्रा प्राकृतिक, अध्यात्मिक तथा सांस्कृतिक विकासका धरोहर हुन् । यस्ता स्रोतहरू पनि विकासका लागि आधार बन्दै आएका छन् । उदाहरणका लागि कास्की जिल्लाका फेवा तथा बेगनास तालहरूलाई लिन सकिन्छ , जसले पोखराको मनोरम दृश्यलाई प्रसिद्धिको शिखरमा पुऱ्याइ दिएका छन् भने यी तालहरू नै आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षण गर्ने माध्यम पनि भएका छन् । यसले गर्दा एकातिर स्थानीय बासिन्दाहरूको जीविकोपार्जनमा सहयोग पुगेको छ भने अर्कातर्फ पर्यटन प्रवर्धनमा सहयोग पुग्न गई देशको राष्ट्रिय आयमा पनि योगदान पुगेको छ ।

प्रश्नहरू :

१) हिमालको उत्पत्ति कसरी भएको हो ?

२) नेपालको भूधरातलीय बनोटमा उचाइका दृष्टिले कस्तो भिन्नता पाइन्छ ?

३) विकासका धरोहरहरू के के हुन् ?

४) तालतलैया, कुण्ड र सिमसारले कस्तो सहयोग पुऱ्याएका छन् ?

५) 'समतल' र 'भूगर्भविद्' शब्दको अर्थ लेख्नु होस् ।

१०. तलको अनुच्छेद पढी मुख्य मुख्य पाँच ओटा बुँदा टिपोट गर्नु होस् : ५

मनिसका मनमा उठ्ने सङ्गीतमय भावनाहरूको ज्वार भाषाको माध्यम अँगाली बग्यो भने त्यो कविता हुन्छ । त्यसैले कविताका तिन केन्द्रीय तत्त्व हुन् - भावना, सङ्गीत र भाषा । साहित्यका कविता बाहेकका गद्यजस्ता विधामा पनि मानव भावना र भाषाको संयोग हुने गर्दछ तर त्यहाँ सङ्गीत अपेक्षित हुँदैन । गद्य विधाका कथा, उपन्यास आदिले छोटो वा लामो कथाको आधार लिई जीवनका भावनाहरुलाई व्यक्त गर्दछन् भने नाटकले भावनाको नाटकीकरणलाई नै मुख्य रूपमा अँगाल्छ । कविताले भने लयात्मक सङगीत वा अलिकति उन्मुक्त गद्य सङ्गीतको आधार नलिई सुख छैन । त्यसैले साहित्यका अरू विधाबाट कवितालाई छुट्टयाउने आधार यसले अँगाल्ने मानवीय हृदयको सङगीतमय धारा नै हो । यो धारा ज्यादा नियमित भयो भने छन्द बन्दछ अनि ज्यादा मुक्त रह्यो भने गद्य कविता । तर, छन्दोबद्ध कविता वा पद्यमा पनि लयात्मक अनुशासन मात्र हुँदैन । यसमा पनि सङ्गीतका स्वतन्त्र सम्भावनाहरू रहि रहन्छन् किन्तु कम मात्रामा । त्यस्तै गद्य कविताको मुक्त सङगीतमा पनि लयात्मक अनुशासनको न्यूनतम तत्त्व रहि रहन्छ ।

११. प्रश्न नं. १० मा दिइएको अनुच्छेदलाई एक तृतीयांशमा संक्षेपीकरण गर्नु होस् : ५

१२. 'साम्प्रदायिक सदभाव आजको आवश्यकता' शीर्षकमा १५० शब्दसम्मको एक अनुच्छेद लेख्नुहोस्: ५

१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : १०

क) सांस्कृतिक सम्पदाको संरक्षण

ख) मेरो बाल्यकाल

ग) प्राकृतिक प्रकोपको न्यूनीकरण

१४. तल दिइएको नालापानीमा सङ्गीत नाटकको अंश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् : ५×२=१०

आएँ !
आएँ नफर्की किन म छोड्थेँ
पन्छी झैँ गुँडको गुँडैमा !
किन म बस्थेँ त्यही नफर्की
मान्छे झैँ माटाको माटैमा !
नदी भै बग्दै हिउँचुलीबाट
एक चोटि पुगे पनि सागरमा,
मेघ बनीकन किन नफर्कूँ
गङ्गा झैँ शिवजीको शिरैमा !
मातृभूमिको ऋण बुझाउन
बिजुली झैँ दौडेर बिजुलीमा
आएँ नआई किन म छोड्थेँ
यो प्रान बोकेर अँजुलीमा !
आएँ नफर्की किन म छोड्थेँ ...

प्रश्नहरू:

क) 'नालापानीमा' नाटकमा अभिव्यक्त देशभक्तिको वर्णन गर्नु होस् ।
ख) माथिको नाट्यांशका आधारमा नरे कार्कीको चरित्र चित्रण गर्नु होस् ।

१५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : ५×२=१०

अ) दिइएको कवितांश पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनु होस् :

दशैँ र तिहार रमाइला हाम्रा चुट्का र ख्यालीले
हिर्दय हाम्रो जुर्मुराउँछ जितको झ्यालीले
बैँसको तालमा नाचौँला कहाँ मादलै नरहे
नेपाली हामी रहौँला कहाँ नेपालै नरहे ।

प्रश्नहरू :

(क) दशैँ र तिहार के कारणले रमाइला भएका छन् ?
(ख) हाम्रो हिर्दय के भएमा जुर्मुराउँछ ?
(ग) 'बैँसको तालमा नाचौँला कहाँ मादलै नरहे' भन्नुको तात्पर्य के हो ?
(घ) मौलिक संस्कृति जोगाउन केके कुरा आवश्यक छन् ?
(ङ) यस गीति अंशको मूल भाव के हो ?

आ) तल दिइएको कथांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिनुहोस् :

यस्तै हो, मैले पनि सहेर बसि दिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिले काहीँ गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटाको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ ।

प्रश्नहरू :

क) यो भनाइ कसको हो ?
ख) यहाँ झगडाको कारण के देखिन्छ ?
ग) झगडा भो भन्दैमा किन धर्म छाड्नु हुन्न ?
घ) 'संसार भरैभरमा अडेको छ' भन्नुको तात्पर्य के हो ?
इ) यस कथांशको मुख्य सार लेख्नु होस् ।

इ) तल दिइएको निबन्धांश पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर दिन ुहोस् :

नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनका सबैजसो क्षेत्रमा स्त्री पुरुषको बराबर हक हुनु पर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको झ्यालखानाभित्र थुनिइ रहन नदिई सामाजिक क्षेत्रमा लम्कन हौस्याउनेहरू साहित्य तथा राजनीति आदितर्फ लागेका आधुनिक युवाहरू नै हुन् ।

प्रश्नहरू :

क) 'नारीलाई नरकको मूल ढोका नठान्ने' भन्नुको तात्पर्य के हो ?
ख) आधुनिक युवाहरूको स्त्री पुरुषका विषयमा कस्तो दृष्टिकोण रहेको छ ?
ग) माथिको सन्दर्भबाट नेपाली समाजको कस्तो तस्बिर प्रस्तुत भएको छ ?
घ) लेखकको नारी सम्बन्धी मान्यता कस्तो रहेको छ ?
ङ) यो निबन्धांश कुन सन्दर्भमा आएको हो ?

१६. 'भलादमी' निबन्धमा निबन्धकारले व्यक्त गरेको विचारप्रति आफ्नो प्रतिक्रिया लेख्नु होस् । ५

समाप्त